# नेपालगञ्ज उपमहानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज

### बसपार्क सञ्चालन तथा व्यवस्थापन ठेक्का सम्वन्धी शिलवन्दी वोलपत्र आव्हानको सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७६।०२।२९ गते)**

नेपालगञ्ज उपमहानगरपालिकाद्वारा संचालनमा रहेको वडा नं. ४ स्थित नेपालगञ्ज बसपार्क भित्र सवारीसाधन पार्किङ्ग तथा सार्वजनिक शौचालय एकीकृत प्याकेजका रुपमा ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधी भित्र रही उक्त बसपार्क संचालन तथा व्यवस्थापनको कार्य गर्न इच्छुक व्यवसायिक फर्म, कम्पनीबाट नियमानुसार फर्म/कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.२०७४/७५ को करचुक्ता प्रमाणपत्र संलग्न राखि प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१.बोलपत्र फाराम मिति २०७६/०३/२६ गतेसम्म कार्यालय समयभित्र नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२.बोलपत्र फारम मिति २०७५/०३/२७ गतेका दिन दिनको १२:०० बजे भित्रसम्म नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय नेपालगञ्जमा पेश गरिसक्नुपर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३.बोलपत्र खरिद गर्ने अन्तिमदिन, दाखिला गर्ने तथा खोल्नेदिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

४.बोलपत्रदाताले बोलपत्र साथ नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक धम्वोझी, नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं.ग-३-४१३०३०३००७१०४ मा तोकिएको धरौटी जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले सो रकम वरावरको हुने कम्तीमा ७५ दिन म्याद भएको नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको नाममा जारी गरिएको बैंक तथा वित्तिय संस्थाको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

५.बोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको रकम कम्तीमा ठेक्काअवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६.यस नगरक्षेत्रभित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्यरुपमा यस उपमहानगरपालिकाको व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

७.ठेक्का स्वीकृत भएपछि ठेक्का रकम वरावर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता हुनु अगावै दाखिला गर्नुपर्नेछ र बाँकि किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिमरुपमा बुझाउनुपर्नेछ ।

८.ठेक्का सम्झौतापछिको बुझाउन बाँकी किस्ता रकम बराबरको ठेक्का अवधी सम्मको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

९.कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै बखत एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिईने छ ।

१०.बसपार्क भित्र रहेको विद्युत तथा पानी महशुल स्वयं ठेकेदार पक्षले नै सम्वन्धित निकायलाई बुझाई कार्यालयलाई जानकारी गराउनुपर्नेछ ।

११.यस कार्यालयबाट प्रमाणित नगरी विक्रि भएको, म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुनेछैन ।

१२.जुनसुकै अवस्थामा बजार बन्द हुन गएमा, वस संख्या घट्न गएमा, बन्द, हड्ताल, चक्काजाम भएमा समेत सो अवधिको ठेक्का अंकमा छुटको लागि हक दावी गर्न पाईनेछेन ।

१३.पार्किङ्ग शुल्क तथा शौचालय प्रयोगको दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि नेपालगञ्ज उपमहानगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

१४.वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५.सम्वन्धित निकायलाई बुझाउनु पर्ने प्रचलित नियमानुसारको कर बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

१६.अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

**तपशिल :**

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक्का अंक (मू.अ.क.बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| ४३/०७५/०७६ | नेपालगञ्ज बसपार्क संचालन तथा व्यवस्थापन कार्य | रु.८०,००,०००.०० (अक्षरुपी असीलाख मात्र ।) | रु.४,००,०००। | रु.३,०००। | सम्झौता मितिले १ वर्षसम्म |

**(हरि प्याकुरेल)**
प्रमुख प्रशासकीय अधिकृत